# रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति (गठन) आदेश, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०६३।११।२३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति (गठन) आदेश, २०६३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा, -

(क) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठन भएको रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति सम्झनु पर्छ ।

(ख) "**रुरु-रेसुङ्गा क्षेत्र**" भन्नाले देहायका स्थानहरु सम्झनु पर्दछ :-

(१) गुल्मी जिल्लाका तम्घास, अर्खले, हस्तिचौर, बडा गाउँ, पराल्मी, वलिथुम, जुभुङ्ग, गैंडाकोट, दुबीचौर, दरबार देवीस्थान र सिमीचौर गाउँ विकास समितिहरु,

(२) स्याङ्गजा, पाल्पा र गुल्मी जिल्लाको संगमस्थल,

(३) पूर्व : स्याङ्गजा जिल्लाको कारीकोट,

(४) पश्चिम : गुल्मी जिल्लाको थोर्गा र भडकुवा,

(५) उत्तर : बडिघाट खोला र रुद्रवेणी,

(६) दक्षिण : पाल्पा जिल्लाको कुसेनी भित्रको क्षेत्र,

(७) गुल्मी जिल्लाको धुर्कोट, वस्तुस्थित विचित्र गुफा र सोको आसपासको क्षेत्र ।

(ग) "**अध्यक्ष**" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ङ) "**कार्यकारी निर्देशक**" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) रुरु-रेसुङ्गा क्षेत्रको सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक तथा जैविक पक्षको संरक्षण एबम् सम्बर्द्धन गर्ने काम समेतका लागि रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) गुल्मी जिल्लाबाट संसदमा प्रतिनिधित्व गर्ने सदस्यहरु - सदस्य
(ग) सभापति, गुल्मी जिल्ला विकास समिति - सदस्य
(घ) प्रमुख जिल्ला अधिकारी, गुल्मी - सदस्य
(ङ) स्थानीय विकास अधिकारी, गुल्मी - सदस्य
(च) सम्बन्धित जिल्ला विकास समितिका ईलाका सदस्यहरु मध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य
(छ) प्रमुख, जिल्ला वन कार्यालय, गुल्मी - सदस्य
(ज) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
(झ) रुरु-रेसुङ्गा क्षेत्र भित्रका गाउँ विकास समितिका अध्यक्षहरु मध्येबाट समितिले मनोनित गरेको एकजना - सदस्य
(ञ) रुरु-रेसुङ्गा क्षेत्रको विकासमा विशेष योगदान दिएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको छ जना - सदस्य
(ट) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) अध्यक्ष तथा मनोनित सदस्यहरुको पदावधि बढीमा चार वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा मनोनित सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा नेपाल सरकारले जुनसुकै बखत अध्यक्ष तथा सदस्यलाई पदबाट हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) समितिको कामसँग सम्बन्धित कुनै विज्ञलाई समितिले समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) रुरु रेसुङ्गा क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,
(ख) रुरु रेसुङ्गा क्षेत्रलाई एक प्रमुख पर्यटक गन्तव्यस्थाल बनाउन सो क्षेत्रका लागि पर्यटन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
(ग) रुरु रेसुङ्गा क्षेत्रको विकास सम्बन्धी योजना र कार्यक्रमको कार्यान्वयनका लागि समितिले प्रचलित कानून तथा सरकारी नीतिको प्रतिकूल नहुने गरी स्वदेशी वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने,
(घ) रुरु रेसुङ्गा क्षेत्रसँग सम्बन्धित सांस्कृतिक तथा धार्मिक पक्षको विकासको निमित्त सो क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सामाजिक तथा पुरातात्विक महत्वका वस्तु र स्थानहरुको

संरक्षण, सम्बर्द्धन प्रचारप्रसार, विकास एवं पुनःनिर्माण गर्ने, गराउने,

(ङ) रुरु रेसुङ्गा क्षेत्रसँग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामग्रीको संकलन र संरक्षण गर्ने, गराउने,

(च) रुरु रेसुङ्गा क्षेत्रभित्रका प्राकृतिक सम्पदा, वातावरण तथा पशुपंक्षीको रेखदेख तथा संरक्षण गर्ने, गराउने,

(छ) रुरु रेसुङ्गा क्षेत्रको महत्व र विकासका निमित्त सभा, सम्मेलन, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गरी प्रचार प्रसार गर्ने, गराउने,

(ज) रुरु रेसुङ्गा क्षेत्रको विकास र उन्नतिका निमित्त सरकारी तथा गैरसरकारी संस्थाहरु बीच समन्वय कायम गर्ने,

(झ) रुरु रेसुङ्गा क्षेत्रभित्र पर्ने देवालय तथा गुफाहरुको खोजतलास गरी त्यसको उचित संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने,

(ञ) रुरु रेसुङ्गा क्षेत्रमा रहेका शिक्षालय, स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, कुलेसो, बाटोघाटो, पानी बिजुली, टेलिफोन, सार्वजनिक शौचालय, धर्मशाला, धार्मिक साधनास्थल, मठ, मन्दिर वातावरणीय सुधार आदि कुराहरुलाई सम्बन्धित निकायसँग समन्वय राखी व्यवस्थित गर्ने,

(ट) रुरु रेसुङ्गा क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्वलाई आघात पुऱ्याउने खालका गतिविधिहरुको सञ्चालनमा नियन्त्रण र निषेध गर्ने,

(ठ) समितिको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि:** (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशकः** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान, वाणिज्य शास्त्र, व्यवस्थापन, अर्थशास्त्र, प्राकृतिक स्रोत व्यवस्थापन वा ग्रामीण विकास सम्बन्धी विषयमा कम्तीमा स्नातक गरेको व्यक्तिलाई नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पद अनुरुप काम नगरेमा निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकिए सम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

६. **समितिका कर्मचारीः** (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) बमोजिम कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा दरवन्दी सृजना वा थप गर्दा वा सचिवालय स्थापना जस्ता आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्दा समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. **समितिको कोषः**(१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट चन्दा वा सहायता स्वरुप प्राप्त गरेको रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट ऋण वा अनुदान स्वरुप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको कुनै सेवा बापत प्राप्त रकम,

(ङ) सम्बन्धित जिल्ला विकास समिति वा गाउँ विकास समितिबाट प्राप्त अनुदान रकम,

(च) रुरु-रेसुङ्गा क्षेत्रका मन्दिरमा भक्तजनहरुद्वारा चढाइएको रकम मध्येबाट प्राप्त रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल भित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता समितिको सदस्य-सचिव र समितिले तोकेको लेखा सम्बन्धी ज्ञान भएको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा र लेखा परीक्षण:** (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाचाँ बमोजिम राखिनेछ ।

(२) समितिको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी, जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. **उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:** (१) समितिले यो आदेश बमोजिम आफूले गर्नु पर्ने काम सूचारु रुपले गर्न, गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. **बैठक भत्ता:** समितिका अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१२. **निर्देशन दिन सक्ने:** नेपाल सरकारले समितिद्वारा गरिने काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **अधिकार प्रत्यायोजन:** समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य वा सदस्यसचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **नेपाल सरकारसँग सम्पर्क:** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१५. **समितिको कार्यालय:** समितिको मुख्य कार्यालय गुल्मी जिल्लाको तम्घास गाउँ विकास समितिमा रहनेछ ।

१६. **नियम बनाउने अधिकार:** समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।